मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### मकवानपुरमा कुनैपनि उम्मेदवारविरुद्ध परेन उजुरी

# पूर्वप्रम नेपाल सहित ५ जनाविरुद्ध आयोगमा उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको लागि मकवानपुरमा मनोनयन दर्ता गराएका उम्मेदवारविरुद्ध कुनैपनि उजुरी नपरेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार मकवानपुरको क्षेत्र नं. १ र २ का उम्मेदवारविरुद्ध कुनै पनि उजुरी नपरेको हो । देशभरिका १ सय ६५ वटै निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आयोगले तोकेको समयसीमाभित्र कुनै उजुरी नपरेको मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् । 'प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्धारित निर्वाचन कार्यक्रमअनुसार हिजो ६ माघमा प्रतिनिधिसभा सदस्यको उम्मेदवार भइ मनोनयपत्र दर्ता गुनभएको उम्मेदवार उपर मिति २०८२ माघ ७ गते १५ बजेसम्म उजुरी दिन सकिने व्यवस्था भएकोमा सो समयभित्र कुनैपनि उजुरी नपरेको ब्यहोरा अनुरोध गरिन्छ,' मुख्य निर्वाचन अधिकृत श्रेष्ठले भनिन् ।'



प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा प्रत्यक्षतर्फ ४४ जनाले उम्मेदवारी दर्ता गराएका थिए । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको थियो भने निर्वाचन क्षेत्र नम्बर २ बाट १६ राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी २१ जनाले उम्मेदवारी दर्ता गराएका थिए । उम्मेदवारको नामावली प्रकाशन माघ ८ गते साँझ ७ बजेसम्म छ भने उम्मेदवारको नाम फिर्ता लिने कार्यक्रम माघ ९ गते दिउँसो १ बजेसम्म रहेको छ ।

प्रदेश निर्वाचन कार्यालय प्रमुख हरिप्रसाद ढकालका अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्म र उम्मेदवारलाई निर्वाचन चिन्ह सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म प्रदान गरिने कार्यालयले जनाएको छ । मतदान भने फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म रहेको छ । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजार मतदाताले मतदान गर्नेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुर जिल्लामा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ कायम रहेको हो ।

**पाँच उम्मेदवारविरुद्ध निर्वाचन आयोगमा उजुरी**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मंगलबार १६५ वटै निर्वाचनक्षेत्रमा मनोनयनपत्र दर्ता गरेका ३ हजार ४८६ उम्मेदवार मध्ये ५ उम्मेदवारविरुद्ध निर्वाचन आयोगमा उजुरी परेको छ ।

निर्वाचन आयोगले बुधवार पत्रकार सम्मेलनको आयोजना गरी निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमार्फत् ५ उजुरी दर्ता भएको जानकारी दिएको हो । आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार भक्तपुर-२ मा दुईवटा र सुनसरी-२, रौतहट-१ र कैलाली-१ मा एक/एक गरी जम्मा ५ वटा उजुरी दर्ता भएका हुन् । उनले निर्वाचन कार्यतालिका अनुसार बिहीवार उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने जानकारी दिए । 'सुनसरी जिल्ला क्षेत्र नम्बर २, भक्तपुर जिल्ला क्षेत्र नम्बर २ दुईवटा र रौतहट जिल्ला क्षेत्र नम्बर १ र कैलाली निर्वाचन क्षेत्र नम्बर १ मा एक/एक गरी जम्मा ५ वटा उजुरी परेको छ । निर्वाचन कार्यतालिकाअनुसार बिहिबार उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने कार्यक्रम रहेको छ ।'

आयोगकाअनुसार पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, रेशम चौधरीलगायत उम्मेदवार विरुद्ध उजुरी परेको हो । नेकपा नेता एवं पूर्वप्रधानमन्त्री नेपालले रौतहट-१ बाट उम्मेदवारी दिएका छन् । उनीविरुद्ध पतञ्जलि जग्गा प्रकरणमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेकाले उम्मेदवार हुन अयोग्य रहेको दाबी गरिएको छ । नागरिक उन्मुक्ति पार्टी नेपालका कैलाली-१ का उम्मेदवार भएका रेशमलाल चौधरी विरुद्ध पनि उजुरी दर्ता भएको छ । उनी टीकापुर हत्याकान्डमा सर्वोच्च अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन् । तर, उनलाई राष्ट्रपतिबाट सजाय माफी दिएर छुटाइएको हो ।

त्यस्तै, सुनसरी-२ बाट रास्वपा उम्मेदवार लालबिक्रम थापा, भक्तपुर-२ बाट रास्वपा उम्मेदवार राजीव खत्री, भक्तपुर-२ बाटै नेपाल जनसेवा पार्टीबाट उम्मेदवार भएकी जानुका पाठकविरुद्ध उजुरी दर्ता भएको आयोगले जनाएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने जानकारी दिइएको छ । सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने कार्यक्रम रहेको छ ।

# आयातित अलकत्रा भन्दा स्वदेशी सिमेन्ट प्राथमिकतामा: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/सडक पूर्वाधारको दिगो विकासलाई लक्षित गर्दै सडकका लागि कठोर पक्कीकरणको डिजाइन तथा निर्माणसम्बन्धी एकदिने तालिम हेटौंडामा सम्पन्न भएको छ । नेपाल सिमेन्ट उत्पादक संघको आयोजनामा तथा आइपिटिएम नेपालको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो ।

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्द मारुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ प्रमुख अतिथिका रुपमा सहभागी भएका थिए । कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले सडक निर्माणमा आयातित अलकत्राको प्रयोग घटाई स्वदेशमै उत्पादन हुने सिमेन्ट प्रयोग गर्नुपर्नेमा जोड दिए । उनले अलकत्राको विस्थापन गर्नु भनेको सिमेन्ट उद्योगको प्रवर्द्धन मात्र नभई देशको व्यापार घाटा न्यूनीकरणतर्फको कदम भएको उल्लेख गरे ।

मुख्यमन्त्री बानियाँले दिगो विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि स्वदेशी कच्चा पदार्थको प्रयोग अपरिहार्य रहेको बताउँदै बागमती प्रदेश सरकार र सिमेन्ट उद्योगबीच सहकार्य गरी आगामी बजेटमा यस्ता कार्यक्रमलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । सिमेन्टको अधिकतम खपतका लागि पनि कालोपत्रे सडकको सट्टा कङ्क्रिट सडकतर्फ जानुपर्ने उनको भनाइ थियो । कार्यक्रममा इन्जिनियर अर्जुनजंग थापाले 'कठोर पक्कीकरणको परिचय तथा नेपालमा यसको सान्दर्भिकता' विषयमा प्रस्तुतिकरण गरेका थिए ।

उनले नेपालको भौगोलिक बनावट, मौसमीय अवस्था, कमजोर सबग्रेड, बढ्दो सवारी चाप तथा भारी ढुवानीका कारण सडकको दिगोपनामा देखिएका चुनौती उल्लेख गर्दै कङ्क्रिट सडक दीर्घकालीनरुपमा भरपर्दो विकल्प भएको स्पष्ट पारे । कार्यक्रमको पृष्ठभूमि तथा उद्देश्यबारे जानकारी दिँदै हाल नेपालमा ९० प्रतिशतभन्दा बढी मालसामान तथा यात्रु ढुवानी सडक यातायातमार्फत हुँदै आएको अवस्थामा दिगो सडक पूर्वाधार विकास अत्यावश्यक रहेको बताइएको छ ।

कालोपत्रे सडकको तुलनामा प्रारम्भिक लागत केही बढी भएपनि कङ्क्रिट पक्कीकरण दीर्घकालीन रुपमा कम मर्मत सम्भार खर्च, उच्च टिकाउपन र विश्वसनीयताका कारण समग्रमा सस्तो पर्ने निष्कर्ष प्रस्तुत गरिएको थियो । तालिममा कङ्क्रिट सडकको अवधारणा, प्रकार, छनोटका आधार, डिजाइन सिद्धान्त, संरचनात्मक तत्व, जोइन्ट तथा रि इनफोर्समेन्टको भूमिका र निर्माण प्रक्रियाबारे व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । नीति निर्माण, योजना, डिजाइन, सुपरीवेक्षण तथा निर्माणमा संलग्न प्राविधिक जनशक्तिलाई लक्षित गरी तालिम आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, पूर्वाधार विकास योजना कार्यालय मकवानपुरका सुपरिटेन्डेन्ट इन्जिनियर दीपककुमार दास, नेपाल सिमेन्ट उत्पादक संघका पूर्वअध्यक्ष ईश्वर थापालगायत विभिन्न निकायका प्रतिनिधि तथा प्रदेशका प्राविधिकको उपस्थिति थियो ।



Authorized Service Point in Hetauda

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा-२, चौकीटोल, ०५७-५२०३३३, ९८२४२९०९६४, ९८०२५६८९७०

# निर्वाचन सन्दर्भमा एकपक्षीय समाचारमा काउन्सिलको रोक




साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/प्रेस काउन्सिल नेपालले निर्वाचनका सन्दर्भमा कुनै दल विशेष वा उम्मेदवारलाई मत आह्वान गर्ने, एकपक्षीय प्रचारप्रसारलाई प्रश्रय दिँदै समाचार प्रचारप्रसार नगर्न आग्रह गरेको छ ।

प्रेस काउन्सिल नेपालका सहप्रशासकीय अधिकृत एवम् सहप्रवक्ता रामशरण बोहराले बुधबार विज्ञप्ति जारी गर्दै पत्रकारिताका मूल्य, मान्यता विपरीत गैरपेसागत आचरण गर्ने, तथ्यगत परीक्षण एवम् आधार/प्रमाण बेगर सामग्री सम्प्रेषण गर्ने, सामाजिक सञ्जालको दुरुपयोग गरी समाजमा उत्तेजना फैलाउने कार्य गैरकानुनी भएको बताएका छन् ।

निर्वाचनको सन्दर्भमा परिस्थितिलाई उत्तेजक बनाउन नियोजितरुपमा गलत, मिथ्या एवम् तथ्यलाई तोडमरोड गरी सामग्री प्रकाशन गर्ने, पेसागत आचरण विपरीत एवम् गैरकानुनी भएको उनको भनाइ छ ।

बोहराका अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म १६३ वटा उजुरी दर्ता भएको थियो । जसमध्ये पत्रकार आचारसंहिताको प्रक्रिया बमोजिम पत्राचार भएपश्चात् ७७ वटा खण्डन सम्प्रेषण भएको, ५२ वटा पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएको, १४ वटा क्षमायाचना भएका, पाँच वटाले सामग्री स्थगन गरेका, १० वटालाई स्पष्टीकरण सोधिएको र पाँच वटालाई निर्देशन एवम् सचेत गराइएको छ ।

२०८२ माघ ११ गते राष्ट्रियसभा सदस्य निर्वाचन र २०८२ फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुन गइरहेको सन्दर्भमा माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू भएको अवस्थामा पत्रकार तथा सञ्चार माध्यमबाट पत्रकार आचार संहिता पालना भए, नभएको विषयमा नियमित अनुगमन भइरहेको पनि प्रेस काउन्सिलले जनाएको छ ।

# सोनाम ल्होछारको अवसरमा बृहत् सांस्कृतिक कार्यक्रम हुने




साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/२८६२ तालो घोडावर्ग सोनाम ल्होछारको अवसरमा बृहत् सांस्कृतिक कार्यक्रम २०८२ हुने भएको छ ।

हेटौंडा उपमहानगर पालिका-१३ स्थित तासीछोइलिङ गुम्बा परिसरमा माघ १० गते कार्यक्रमको आयोजना हुन लागेको बुधबार आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको हो । हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामाका अनुसार कार्यक्रममा विविध सांस्कृतिकपक्ष झल्काउने झाँकी प्रदर्शन सँगसँगै राष्ट्रिय तथा स्थानीय कलाकारको गायन तथा नृत्य प्रस्तुति प्रदर्शन गरिने भएको छ । कार्यक्रममा गायिका पूजा लामा र धिरेन लामालगायतको कलाकारको प्रस्तुति रहने कार्यक्रम संयोजक गुम्बा व्यवस्थापन समितिका अध्यक्ष उद्धवकुमार मोक्तानले बताए ।

मोक्तानका अनुसार कार्यक्रममा रैथानेबाली, मौलिक परम्परा झल्कने परिकारको स्टल राखिनेछ । आयोजकका अनुसार तामाङ समुदायको मौलिक भाषा भेषभूषा, संस्कार संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा ७ देखि ८ लाख खर्च हुने अनुमान आयोजकले गरेको छ । जसमा हेटौंडा उपमहानगरपालिका वडा कार्यालय र सांस्कृतिक तथा पर्यटन मन्त्रालय बागमती प्रदेशबाट प्राप्त हुने जनाइएको छ । कार्यक्रममा ५ देखि ६ हजार अवलोकनकर्ताले अवलोकन गर्ने आयोजकको अनुमान रहेको छ ।

सोनाम ल्होसार गृह सांस्कृतिक कार्यक्रमको उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले गर्ने जनाइएको छ । पत्रकार सम्मेलनमा कार्यक्रमका सहसंयोजक रमेश लुम्बा, युवा व्यवसायी गुण थिङलगायत समितिका सदस्यको उपस्थिति रहेको थियो ।

साझाकुरा

## हाम्रो कुरा

# भाइरल बन्दै गगनचुम्बी पुल

फास्ट ट्र्याकमा बनिरहेका अग्ला पुल यतिबेला बिभिन्न सामाजिक संजालमा भाइरल बनिरहेका छन् । राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को ७१ किमि खण्डमा झण्डै एकतिहाई (३३.६२ प्रतिशत) खण्डमा सुरुङ र पुल निर्माण भइरहेका छन् । फास्ट ट्र्याकमा सुरुङ र पुलको कुल लम्बाइ २३.८६४ किलोमिटर रहेको छ । कुल १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ र १२.८८५ किमि लम्बाइका ८९ वटा पुल निर्माण भइरहेका छन् । फास्ट ट्र्याकको कुल लम्बाइमा पुलको मात्रै हिस्सा १८.१५ प्रतिशत रहेको छ । औसतमा हरेक ७९७ मिटरमा एउटा पुल बनिरहेको छ । यस सडकमा विदेशका जस्तै आकर्षक र आधुनिक पुल निर्माण भइरहेका हुन् । फास्ट ट्र्याकमा ठूला नदी नभएपनि अग्ला डाँडा र गहिरो खोँच रहेकाले दूरी छोट्याउन अग्ला पुल निर्माण गरिएको हो । यो सडक अन्तर्राष्ट्रिय मापदण्डअनुसारको एक्सप्रेस 'वे' हो । त्यसैले द्रुतगतिमा सवारी चलाउन मिल्ने गरी घुमाउरो र गहिरो ठाउँमा अग्ला र लामा आधुनिक पुल निर्माण भइरहेको हो । सबै पुलको ठेक्का लागेर धमाधम काम भइरहेको छ । फास्ट ट्र्याकमा ८९ वटा पुल निर्माण भइरहेका छन् । ८५ वटाको पहिला नै ठेक्का लगाइएको थियो । ४ वटा चालु आवमा ठेक्का लगाइ अहिले काम सुरु भइसकेको छ ।

८९ पुलमध्ये हालसम्म ९ वटा निर्माण सम्पन्न भइसकेका छन् । चालु आवमा ठेक्का लगाइएका ४ बाहेक अरु अधिकांश पुलको फाउन्डेसनको काम सकेर सुपरस्ट्रक्चरको काम भइरहेको छ । यसवर्ष ठेक्का लगाइएका चार बाहेक अधिकांश पुलको फाउन्डेसनको काम सकिएको छ । पिलर ठड्याइसकिएको छ । सुपरस्ट्रक्चरको काम धमाधम भइरहेको छ । फास्ट ट्र्याकमा निर्माण हुने अग्ला पुलले सडकको दूरी र यात्रा अवधि छोट्याउनुका साथै, पहिरोको जोखिम कम गरी वातावरणीय क्षति घटाउने छ । चार लेनको फास्ट ट्र्याकको पहाडीक्षेत्रको हरेक स्थानमा समानान्तर पुल निर्माण भइरहेका छन् । अधिकांश ठाउँमा जाने र आउने सवारीका लागि छुट्टाछुट्टै २/२ लेनको पुल निर्माण गरिएको हो । फास्ट ट्र्याकमा निर्माण भइरहेकका पुल १०० वर्षभन्दा धेरै टिक्ने गरी बनाइएको छ । फास्ट ट्र्याक काठमाडौं, ललितपुर मकवानपुर र बारा गरी चार जिल्लामा पर्दछ । जसमा मकवानपुरखण्डको भूवनोट अग्ला पहाड र गहिरो खोँच रहेको छ । अधिकांश अग्ला पुल मकवापुरखण्डमै निर्माण भइरहेको हो । मकवानपुरको बकैया र भीमफेदी गाउँपालिकाको विभिन्न ठाउँमा ४० मिटर अग्ला १० वटा पुल निर्माण भइरहेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामा फास्ट ट्र्याककै अग्लो पुल निर्माण अन्तिमचरणमा पुगेको छ । धेद्रे र लेनडाँडा सुरुङलाई जोड्न जीतपुर खोलामाथि ८२ मिटर अग्लो पुल अन्तिमचरणमा पुगेको हो । यो पुल २४५ मिटर लामो छ । यो पुलको उचाइ झण्डै धरहराको जत्ति नै हो । धरहराको जमिनदेखि गजुर सम्मको उचाइ ८३.८५ मिटर अग्लो छ ।

यो पुलको सुपरस्ट्रक्चर काम लगभग सकिन लागेको छ । अहिले रेलिङ राख्ने काम भइरहेको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-महादेवटारमा ६८ मिटर अग्लो ४०४ मिटर लामो र ४१ मिटर अग्लो ४३० मिटर लामो पुल निर्माण भइरहेको छ । यी दुवै पुलको सुपरस्ट्रक्चरको काम सकेर पियरको निर्माण भइहरेको छ । धेद्रे सुरुङतर्फ जाने चालिसे खोलामाथि निर्माण गरिएका दुवै पुल सम्पन्न भइसकेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामै ५४.१५ र ४३.५ मिटर अग्लो पुल निर्माण सम्पन्न भइसकेको छ । यी पुलको लम्बाइ क्रमश: ३३३ मिटर र २७० मिटर छ । बकैया गाउँपालिका-२ सरस्वतीगाउँमा ४१ मिटर अग्लो ४२५ मिटर लामो पुल निर्माणाधीन छ । यसको डेक स्ल्याव निर्माण भइरहेको छ । सोही ठाउँमा २५० मिटर लामो ४२ मिटर अग्लो पुल निर्माण भइरहेको छ । यसको पियर निर्माणको चरणमा रहेको छ । बकैया गाउँपालिका-५ मा ४९ मिटर उचाइको २४० मिटर लामो पुल बनिरहेको छ । यसको पाइलको काम सकिएको छ । सोही ठाउँमा ४५ मिटर उचाइको ५३० मिटर लामो पुल निर्माण सुरु भएको छ । भीमफेदी-८ सिस्नेरीमा ५५ मिटर अग्लो पुल बन्दैछ । ५८० मिटर लामो यो पुलको पाइल निर्माणको काम भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ९ गते शुक्रबार २३ जनवरी २०२६ । पञ्चमी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५६ सूर्यास्त ५:३६ । सरस्वती जयन्ती । वसन्त पञ्चमी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# कांग्रेसको आन्तरिक लोकतन्त्र: गगन र विश्वले खोलेको 'जाम'



✍ जन्मदेव जैसी



नेतृत्व र विचारमा जाम हुनु कुनै पनि राजनीतिक दलका लागि असामान्य होइन तर नेपाली कांग्रेसमा यो जाम वर्षौंदेखि जमेको थियो, जसले पार्टीलाई व्यक्तिकेन्द्रित, गुटगत र निर्णयमा केंद्रीकृत बनाएको थियो । बहसको अवसर सीमित, आलोचना दबाइने र पुस्तान्तरण रोकिएको यस्तो संरचनामा लोकतन्त्रको मसिहा दाबी गर्ने कांग्रेस पार्टीभित्रको लोकतन्त्र र दिगोपन दुवै कमजोर थियो ।

यस्तो जामभित्र गगन थापा र विश्वप्रकाश शर्माले उठाएको जोखिम अत्यन्तै महत्वपूर्ण बन्न पुगेको छ । उनीहरूले नेतृत्व हस्तान्तरण, विचार र नीति निर्माणमा नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्न भनेर पहल लिए, यो केवल पार्टीको आन्तरिक कलहमात्र होइन, नेपाली कांग्रेसको भविष्य र नेपालको लोकतान्त्रिक संरचनासँग जोडिएको ऐतिहासिक कदम हो ।

तर, लोकतन्त्रको इतिहास सिधा र सहज हुँदैन । जहाँ-जहाँ लोकतान्त्रिक अभ्यास कमजोर हुन्छ, त्यहाँ जाम जम्छ, र त्यो जाम जबर्जस्ती खोल्ने प्रयास गरिन्छ, त्यहीँ भ्वाङ देखिन्छ । नेपाली कांग्रेसभित्र पछिल्लो समय देखिएको संकट र विभाजन यही प्रक्रियाको प्रतिफल हो । यो घटना कुनै आकस्मिक दुर्घटना होइन, बरु पार्टीभित्र वर्षौंदेखि जमेको नेतृत्वगत, वैचारिक र संरचनात्मक जाम खुल्दा देखिएको गहिरो भ्वाङ हो ।

नेपाली कांग्रेस लामो समयसम्म लोकतान्त्रिक संघर्षको प्रतीक रह्यो । निरंकुशताविरुद्धको लडाइँ, बहुदलीय प्रजातन्त्रको स्थापना र संवैधानिक व्यवस्थाको विकासमा यसको योगदान ऐतिहासिक छ । तर, इतिहासले दिएको योगदान आफैंमा स्थायी राजनीतिक पुँजी हुँदैन । समयसँग सम्वाद गर्न नसक्ने, आत्मसमीक्षा गर्न नचाहने र परिवर्तनलाई खतरा ठान्ने प्रवृत्तिले कुनै पनि संस्थालाई अन्तत: जड र कमजोर बनाउँछ । कांग्रेसको वर्तमान अवस्था यही यथार्थको प्रतिविम्ब हो ।

कांग्रेसभित्रको लोकतन्त्र कमजोर एकाएक भएको होइन । नेतृत्व हस्तान्तरण लामो समयसम्म अवरुद्ध रह्यो । पार्टीभित्र विचार, नीति र संगठनात्मक सुधारबारे खुला बहस सीमित हुँदै गयो । महाधिवेशन र बैठकहरू औपचारिकतामा सीमित भए, वास्तविक निर्णय भने केही सीमित व्यक्तिको वरिपरि केन्द्रित हुन थाले । आलोचना अनुशासनहीनता ठानियो, फरक मत राख्नेहरूलाई किनारा लगाइयो, र पुस्तान्तरणको मागलाई अस्थिरताको कारकका रूपमा प्रस्तुत गरियो ।

यही प्रक्रियाले कांग्रेसभित्र 'लोकतान्त्रिक जाम' सिर्जना गऱ्यो । नेतृत्व र विचार दुवै तहमा जमेको यो जाम लामो समयसम्म दबाएर राखियो । तर कुनै पनि प्रणालीमा दबाब अनन्तकालसम्म थाम्न सकिँदैन । जब जाम खोल्ने प्रयास हुन्छ, त्यहीँ कमजोर संरचना च्यातिन्छ । कांग्रेसमा देखिएको रूप त्यसैको परिणाम हो ।

राजनीतिमा विभाजन वा विद्रोह प्रिय अवश्य मानिँदैन । तर मतभेद, बहस र असहमति लोकतन्त्रका स्वाभाविक अंग हुन् र तिनको समाधान सम्वाद र संस्थागत प्रक्रियाबाट खोजिनुपर्छ । यस अर्थमा कांग्रेसको विभाजनलाई सही वा स्वागतयोग्य भन्न सकिँदैन ।

तर, यहाँ मूल प्रश्न विद्रोह ठीक कि बेठीक भन्ने होइन, प्रश्न यो हो- पार्टीभित्रको लोकतान्त्रिक अभ्यास यति कमजोर किन बन्यो ? यसको उत्तर नेतृत्वको जडता र संस्थागत लोकतन्त्रको क्षयमै लुकेको छ । जब दलहरू विचारभन्दा पदमा, संस्थाभन्दा व्यक्तिमा र भविष्यभन्दा वर्तमान सत्तामा केन्द्रित हुन्छन्, तब विभाजन नियति बन्छ । कांग्रेसभित्र पनि यही भयो । पार्टी क्रमश: व्यक्तिकेन्द्रित, गुटीय सन्तुलनमा आधारित र सत्तामुखी संरचनामा सीमित हुँदै गयो ।

दलभित्र लोकतन्त्रको अर्थ केवल आन्तरिक निर्वाचन गर्नु मात्र होइन । यसको सार भनेको बहुल विचारको सम्मान, असहमतिको सुरक्षा र नेतृत्वको जवाफदेहिता हो । तर, कांग्रेसभित्र आलोचनालाई विद्रोह ठान्ने र फरक मतलाई खतरा देख्ने संस्कार बलियो बन्दै गयो । परिणामस्वरूप पार्टीभित्र वैचारिक बहस कमजोर भयो, नीति निर्माण जनजीवनभन्दा टाढिँदै गयो र संगठनात्मक संरचना निष्क्रिय बन्दै गयो । यसको प्रत्यक्ष असर पुस्तान्तरणमा देखियो । कुनै पनि लोकतान्त्रिक संस्थामा पुस्तान्तरण शक्ति हो, कमजोरी होइन । नयाँ पुस्ताले नयाँ दृष्टि, नयाँ प्रश्न र नयाँ ऊर्जा ल्याउँछ । तर कांग्रेसभित्र लामो समयसम्म पुस्तान्तरणलाई टार्ने प्रयास गरियो । युवा कार्यकर्ताहरूलाई 'भोलिको नेतृत्व' भनेर आश्वासन दिइयो, तर आजमै निर्णायक भूमिका दिन हिच्किचाइयो । महिला र सीमान्तकृत समुदायको सहभागिता पनि प्रतीकात्मक सीमाभित्रै सीमित रह्यो ।

दलभित्र लोकतन्त्र कमजोर हुँदा नीति निर्माण प्रक्रिया पनि प्रभावित हुन्छ । दीर्घकालीन दृष्टिकोण र वैचारिक स्पष्टताको सट्टा अल्पकालीन चुनावी गणित हावी हुन्छ । 'के सही हो?' भन्दा 'को जित्छ ?' भन्ने प्रश्न प्राथमिक बन्छ । यसले राजनीतिलाई विचारको क्षेत्रबाट हटाएर सौदाबाजीको अभ्यासमा रूपान्तरण गर्छ । कांग्रेसमा देखिएको संकट यही राजनीतिक संस्कारको उपज हो ।

कांग्रेसको संकट केवल पार्टीको समस्या मात्र होइन यसले राष्ट्रिय लोकतन्त्रलाई पनि प्रश्न गर्छ । किनकि दलभित्र लोकतन्त्र कमजोर हुँदा बाहिरको लोकतन्त्र पनि कमजोर हुन्छ । व्यक्तिकेन्द्रित दलहरूले व्यक्तिकेन्द्रित शासन जन्माउँछन् । यसले सुशासन, नीति स्थायित्व र सामाजिक न्यायमा गहिरो असर पार्छ । कांग्रेसभित्रको जाम र त्यसबाट देखिएको भ्वाङले यही सन्देश दिएको छ ।

प्रगतिशील लोकतान्त्रिक दृष्टिकोणले यो अवस्थालाई केवल नकारात्मक रूपमा मात्र हेर्दैन । बरु, पुरानो संरचनाको चिरा र भ्वाङलाई नयाँ राजनीतिक सम्भावनाको संकेतका रूपमा बुझ्छ । इतिहासले देखाएको सत्य यही हो- आत्मसुधार गर्न असक्षम संरचनाहरू चर्किएपछि मात्र नयाँ विकल्पको खोजी सुरु हुन्छ ।

आजको नेपाली समाज गहिरो परिवर्तन चाहिरहेको छ । बेरोजगारी, असमानता, भ्रष्टाचार, राजनीतिक अविश्वास र राज्य संरचनाको जडताले जनता थकित छन् । विशेषत: युवा पुस्ता पुरानो राजनीतिक शैलीबाट निराश छ । उनीहरू नयाँ पार्टीको नाम मात्र होइन, नयाँ राजनीतिक संस्कार खोजिरहेका छन् जहाँ नेतृत्व पद होइन, जिम्मेवारी होह जहाँ असहमति कमजोरी होइन, लोकतन्त्रको मेरुदण्ड हो ।

यही सन्दर्भमा नयाँ राजनीतिक शक्तिहरूको आवश्यकता प्रष्ट हुन्छ । नयाँ शक्ति भनेको विभाजनको उत्पादन मात्र होइनह यो पुरानो जडतालाई चुनौती दिने वैचारिक र संस्थागत विकल्प हो । प्रगतिशील लोकतान्त्रिक धारले यही विकल्पको वकालत गर्छ- विचार केन्द्रित राजनीति, संस्थागत नेतृत्व र जनउत्तरदायी अभ्यास ।

कांग्रेसभित्रको संकटले नेपालका सबै दलहरूलाई चेतावनी दिएको छ । यदि दलहरूले आन्तरिक लोकतन्त्रलाई गम्भीरतापूर्वक लिएनन्, नेतृत्व हस्तान्तरण र युगसापेक्ष परिमार्जन गर्न सकेनन् भने आज कांग्रेसमा देखिएको भ्वाङ भोलि अन्य दलहरूमा पनि देखिन सक्छ । इतिहास कसैलाई कुर्दैन ।

अत: प्रश्न कांग्रेस फुट्यो कि फुटेन भन्ने होइन । प्रश्न हो- अब सबै दलहरु आन्तरिक लोकतन्त्रको अभ्यास गर्न तयार छन् ? जाम खोल्दा भ्वाङ देखिनु पीडादायक हुन सक्छ, तर त्यस भ्वाङबाट नयाँ बहाव निस्कन सक्छ । यदि त्यसलाई सुधार र पुनर्संरचनाको अवसरका रूपमा लिइयो भने, यही संकट नयाँ राजनीतिक संस्कारको सुरुवात पनि बन्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# गाउँको 'सिंहदरबार' छाडेर सिंहदरबारकै दौड: संघीयतामाथिको बेइमानी

✍ डा. खिमलाल देवकोटा

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुन ३० जनाभन्दा बढी जनप्रतिनिधिले राजीनामा दिएका समाचारहरू सार्वजनिक भएका छन् । प्रदेशमा मुख्यमन्त्री भइसकेका व्यक्तिदेखि महानगरपालिकाका प्रमुखसम्म र वडाध्यक्षदेखि वडा सदस्यसम्मले संघीय संसद्का लागि आकांक्षा राखेको देखिन्छ । नेपालको राजनीतिक इतिहासमा वि.सं. २०७२ को संविधान जारी हुनु र २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न हुनु एक युगान्तकारी फड्को थियो । यसले केन्द्रीकृत राज्यसत्ताको अधिकारलाई नागरिकको घरदैलोसम्म पुऱ्याउने र 'गाउँ-गाउँमा सिंहदरबार' को अवधारणालाई साकार पार्ने लक्ष्य राखेको थियो ।

तर, संविधान कार्यान्वयनको पहिलो दशक पूरा नहुँदै शासकीय अभ्यासमा केही यस्ता प्रवृत्तिहरू देखा परेका छन्, जसले संघीयताको जगलाई नै कमजोर बनाउने खतरा पैदा गरेको छ । विशेषगरी स्थानीय तह र प्रदेशसभामा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी बिचैमा राजीनामा दिएर संघीय संसद्को निर्वाचनमा उम्मेदवार बन्ने परिपाटी पछिल्लो समय निकै झाँगिएको छ ।

जनताले कुनै व्यक्तिलाई पाँच वर्षका लागि आफ्नो क्षेत्रको विकास र सेवा गर्ने जनादेश दिएर पठाएका हुन्छन् । तर, ती प्रतिनिधिले व्यक्तिगत राजनीतिक महत्त्वाकांक्षाका लागि उक्त विश्वासलाई तोड्दै पदबाट राजीनामा दिने गरेका छन् । यसले एकातिर लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रहार गरेको छ भने अर्कोतिर राज्यको सीमित स्रोत र साधनमाथि अतिरिक्त व्ययभार थपेको छ । यो परिपाटीले हाम्रो राजनीतिक संस्कार कति अपरिपक्व छ र हामी अझै पनि केन्द्रीकृत मानसिकताबाट कति ग्रसित छौं भन्ने कुरा प्रष्ट पार्छ ।

**प्रतिनिधिसभाको बढ्दो मोह र यसको कारण**

स्थानीय र प्रदेशका जनप्रतिनिधिहरू संघीय संसद्तिर आकर्षित हुनुका पछाडि बहुआयामिक कारणहरू छन् । पहिलो र प्रमुख कारण 'वृत्ति विकास' को गलत बुझाइ हो । धेरैजसो राजनीतिज्ञहरूले स्थानीय तह वा प्रदेशलाई केवल माथिल्लो तहमा पुग्ने सिँढीका रूपमा मात्र लिने गरेका छन् । उनीहरूमा स्थानीय तहमा बसेर गरिने सेवाभन्दा संघीय राजधानीको पावर सेन्टर मा बस्नुलाई नै वास्तविक सफलता ठान्ने प्रवृत्ति हाबी छ । भारतजस्ता मुलुकमा मुख्यमन्त्रीहरू प्रदेशमै बसेर दशकौंसम्म काम गर्न रुचाउँछन्, तर नेपालमा भने प्रदेश वा स्थानीय तहमा बसिरहनुलाई राजनीतिमा प्रगति गर्न नसकेको मनोविज्ञानले हेर्ने गरिएको छ ।

दोस्रो कारण, शक्तिको केन्द्रीकरण र अधिकार बाँडफाँडमा देखिएको असन्तुष्टि हो । संविधानले तीन तहको राज्यशक्तिको बाँडफाँड गरे पनि संघीय सरकारले अझै कतिपय अधिकारहरू तल्लो तहमा हस्तान्तरण गर्न आनाकानी गरिरहेको छ । विशेषगरी प्रहरी प्रशासन, कर्मचारी परिचालन र वित्तीय स्रोतको व्यवस्थापनमा संघीय सरकारको हस्तक्षेप कायम रहँदा प्रदेश र स्थानीय तहका कतिपय प्रमुखहरू आफूलाई शक्तिविहीन महसुस गर्छन् । प्रदेश तहलाई अधिकार नै नदिनु र स्थानीय तहले पनि कतिपय कामका लागि राजधानी नै धाउनुपर्ने बाध्यताका कारण राजकीय शक्तिको भोक मेटाउन उनीहरू संघीइ राजधानी र सिंहदरबार वरिपरि घुम्ने पदहरूको खोजीमा लाग्ने गरेका छन् ।

तेस्रो कारण भनेको पदको ग्ल्यामर र मन्त्री बन्ने तीव्र अभिलाषा हो । हाम्रो विद्यमान व्यवस्थामा सांसद बनेपछि मात्र मन्त्री बन्न पाइने वा मन्त्री बनेको छ महिनाभित्र सांसद बनिसक्नुपर्ने प्रावधान छ । राजनीतिलाई सेवाभन्दा पनि शक्ति र स्रोतको दोहन गर्ने माध्यम ठान्नेहरूका लागि सांसद पद एउटा यस्तो लाइसेन्स बनेको छ, जसले कार्यपालिकामा जाने बाटो खोल्छ ।

धेरैजसो जनप्रतिनिधिमा आफ्नो कार्यकाल पूरा गरेर जनताको मन जित्नुभन्दा पनि सत्ताको नजिक पुगेर व्यक्तिगत वा गुटगत फाइदा लिने सोच हाबी हुनु नै यो पलायनको मुख्य कारण हो । साथै, संविधानमा स्थानीय तहका लागि दुई कार्यकालको सीमा तोकिए पनि प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीहरूका लागि कुनै सीमा नहुनुले पनि नेतृत्वमा बसिरहने लोभ बढाएको देखिन्छ ।

**समस्या र चुनौती**

यी प्रवृत्तिले मुलुकको लोकतान्त्रिक प्रक्रियामा गम्भीर समस्या सिर्जना गरेको छ । सबैभन्दा प्रत्यक्ष असर राज्यको अर्थतन्त्रमा परेको छ । जब कुनै बहालवाला जनप्रतिनिधिले राजीनामा दिन्छ, तब उक्त रिक्त स्थानका लागि उप-निर्वाचन अनिवार्य हुन्छ । उप-निर्वाचनको खर्च भनेको नागरिकले गाँस काटेर तिरेको करको दुरुपयोग हो । एउटै पदका लागि पटक-पटक निर्वाचन गराउँदा लाग्ने खर्चले कयौं विकासका आयोजनाहरू सम्पन्न हुन सक्थे । यो केवल आर्थिक क्षति मात्र होइन, बरु निर्वाचन आयोगको ऊर्जा र समयको समेत बर्बादी हो ।

अर्कोतर्फ, यसले मतदाताको अपमान गरेको छ । 'पाँच वर्षका लागि तपाईंको सेवक बन्छु' भनेर मत मागेका प्रतिनिधिले बिचैमा बाटो मोड्दा मतदातामा राजनीतिप्रति नै वितृष्णा पैदा भएको छ । यसले गर्दा जनउत्तरदायित्व र जबाफदेहिताको कडी टुटेको छ । हालैका वर्षहरूमा युवा पुस्ताले उठाएको विद्रोह र आन्दोलनको एउटा मुख्य मर्म पनि यही थियो कि नेताहरू पारदर्शी र जबाफदेही हुनुपर्छ । तर, राजनीतिक दलहरूले यो जनभावनालाई आत्मसात् गर्न सकेका छैनन् । उनीहरूले आफ्नो पदलाई व्यक्तिगत सम्पत्तिजस्तो ठानी अनुकूलता अनुसार साटफेर गर्ने अभ्यास गरिरहेका छन्, जसले गर्दा लोकतन्त्रको प्राण मानिने नैतिकता हराउँदै गएको छ ।

यसले संघीयताको मूल मर्ममाथि नै प्रहार गरेको छ । स्थानीय सरकारहरूलाई बलियो बनाउनुको साटो उनीहरूलाई केवल अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गरिँदा स्थानीय सुशासन कमजोर भएको छ । अनुभवी र काम गरिरहेका व्यक्तिहरू बिचैमा पद छाडेर हिँड्दा स्थानीय योजनाहरू अलपत्र पर्ने र प्रशासनिक अस्थिरता पैदा हुने जोखिम बढेको छ । यसले राज्यलाई विकेन्द्रित गर्ने भन्दा पनि नेताहरूलाई थप केन्द्रीकृत बनाउँदै लगेको छ ।

**समाधानका उपाय र भावी कार्यदिशा**

यो बेथितिलाई रोक्न अब कानुनी र राजनीतिक दुवै तहबाट सुधारका प्रयासहरू थालिनुपर्छ । पहिलो समाधान भनेको कानुनी रूपमै पदको कार्यकाल सुनिश्चित गर्नु हो । निर्वाचनसम्बन्धी कानुन वा संविधानमै यस्तो व्यवस्था गरिनुपर्छ कि कुनै पनि निर्वाचित जनप्रतिनिधिले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगरी अर्को कुनै पनि तहको निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन । यदि विशेष परिस्थितिमा राजीनामा दिनै परेको अवस्थामा उक्त व्यक्तिले निश्चित समयसम्म कुनै पनि राजनीतिक नियुक्ति वा उम्मेदवारीका लागि अयोग्य हुने प्रावधान राख्नुपर्छ ।

दोस्रो, उप-निर्वाचनको झन्झटिलो र खर्चिलो प्रक्रियालाई परिमार्जन गर्नु हो । यदि स्थानीय तहको प्रमुख वा वडाध्यक्षले राजीनामा दिएमा फेरि चुनाव नै गराउनुको साटो सम्बन्धित तहको उप-प्रमुख वा कार्यपालिकाले चयन गरेको वरिष्ठ सदस्यलाई बाँकी कार्यकालका लागि जिम्मेवारी दिने व्यवस्था गर्न सकिन्छ । यसले राज्यको ठुलो धनराशि बचत गर्नुका साथै राजनीतिक स्थिरता पनि कायम राख्छ ।

त्यसका साथै, राजनीतिक दलहरूले पनि आफैँभित्र यस्ता पदमा लड्न दिने वा नदिनेबारे एउटा स्पष्ट आचारसंहिता र मापदण्ड तयार गर्नुपर्छ । यसपटक नेपाली कांग्रेसले बहालवाला कुनै पनि जनप्रतिनिधिलाई टिकट नदिने मापदण्ड नै बनायो । सोही नीतिका कारण उक्त दलबाट निर्वाचित कुनै पनि प्रतिनिधिले प्रतिनिधिसभामा लड्नका लागि बिचैमा पद त्याग्ने र टिकट पाउने अवस्था रहेन । यसले केही ठाउँमा दललाई क्षति गर्न पनि सक्छ, तर यो एउटा उदाहरणीय अभ्यास हो ।

यदि सबै राजनीतिक दलहरूले यसरी नै आफ्ना जनप्रतिनिधिहरूलाई पाँच वर्षसम्म आफ्नै क्षेत्रमा टिकाइराख्ने हो भने र दोहोरो पदको मोहलाई निरुत्साहित गर्ने हो भने निर्वाचनको बेथिति धेरै हदसम्म कम हुन सक्छ । संघीयताको सफलता जनप्रतिनिधिको निष्ठा र नैतिकतामा भर पर्छ । पद र शक्तिभन्दा माथि उठेर जनताको सेवालाई केन्द्रमा राख्ने संस्कारको विकास नभएसम्म जतिसुकै राम्रो संविधान भए पनि त्यसले सुखद परिणाम दिन सक्दैन । मुलुक अब संविधानको समीक्षा र निर्वाचन प्रणालीको सुधारतर्फ उन्मुख हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

### महिला टी-२० विश्रुवकप ग्लोबल छनोट :

# नेदरल्यान्ड्सविरुद्ध खेल्दा कमजोरी सुधारको अपेक्षा

काठमाडौं /आईसीसी महिला टी-२० विश्रुवकप ग्लोबल छनोटको पहिलो खेलमा थाइल्यान्डसँग पराजित भएपछि नेपाली टिमकी कप्तान इन्दु बर्माले मिडल अर्डर फितलो हुँदा राम्रो योगफल बन्न नसकेको र हार बेहोरेको बताएकी थिइन् । तीन दिनको आरामपछि नेपालले आफ्नो दोस्रो खेलमा नेदरल्यान्ड्ससँग बिहीबार खेल्दैछ र कप्तान इन्दुले उल्लेख गरेको उक्त कमजोरीसँगै अन्य केही 'लूपहोल' मा पनि सुधारको अपेक्षा रहनेछ ।

प्रतियोगिताको समूह 'बी' मा रहेको नेपालले दुई खेल लगातार जितिसकेको नेदरल्यान्ड्ससँग बिहीबार विहान ९ बजेदेखि त्रिवि क्रिकेट मैदानमा खेल्नेछ । समूह चरणको शीर्ष ३ मा पर्नका लागि नेपालले बाँकी ३ वटा खेलमध्ये कम्तीमा पनि २ वटा खेल जित्नुपर्ने अवस्था छ । नेदरल्यान्ड्स भने अब एक जितले मात्र पनि अघिल्लो चरणमा पुग्नेछ ।

नेपालले बिहीबारको खेलमा आफ्ना कमजोरीहरू सुधार गर्नुपर्ने देखिन्छ । इन्दुले भनेबमोजिम नेपालको ब्याटिङ मात्र नभएर बलिङ पनि फितलो देखिएको छ । नेपालले अभ्यास खेलहरूमा पनि राम्रो ब्याटिङ गर्दागर्दै बलिङमा कमजोर देखिएको थियो । थाइल्यान्डसँगको पहिलो खेलमा पनि त्यस्तै देखियो । सुरुवाती ओभरमा राम्रो ब्याटिङ गरेको नेपालले त्यसपछि लय गुमाएको थियो अनि बलिङ पनि फितलो हुँदा योगफल जोगाउन सकेन ।

यता नेदरल्यान्ड्सले पहिलो खेलमा जिम्बाबे अनि दोस्रो खेलमा स्कटल्यान्डलाई हराएको छ । स्कटल्यान्डसँग मंगलबार भएको खेलमा नेदरल्यान्ड्सले अन्तिम ओभरमा ११ रन डिफेन्ड गरेर खेल जितेको थियो ।



नेदरल्यान्ड्स पनि यो जितको लयलाई कायमै राख्ने लक्ष्यमा हुनेछ । यस्तोमा यूरोपको बलियो टोलीमध्ये एक नेदरल्यान्ड्सलाई हराउन चुनौतीपूर्ण हुनेछ । यद्यपी नेपाल आफ्ना कमजोरी सुधार गरेर पहिलो अंक जोड्ने लक्ष्यमा हुनेछ ।

कप्तान इन्दु बर्माले बाँकी खेलहरूमा कमजोरी सुधार्दै लाने बताएकी छन् । 'सबैले आफ्नो भूमिका निभाउन केही गाह्रो भएको हो, भूमिका राम्रोसँग निभाउन सके सुधार हुँदै जानेछ' कप्तान इन्दुले भनेकी छन् ।

**हेड टु हेड**

महिला टी-२०आई वरियतामा नेदरल्यान्ड्स १४औं स्थानमा छ । नेपाली टोली २१औं स्थानमा छ । नेदरल्यान्ड्स यूरोपियन छनोट डिभिजन वानको उपविजेताका रूपमा ग्लोबल छनोटमा प्रवेश गरेको थियो भने नेपाल एसिया छनोटको उपविजेताका रूपमा ग्लोबल छनोटमा आएको हो ।

नेपालले नेदरल्यान्ड्ससँग खेलेका ३ वटै खेलमा पराजित भएको छ । नेपालले यी ३ वटै खेल गतवर्ष जनवरी-फेब्रुअरीमा नेपालमै भएको त्रिदेशीय शृंखलामा खेलेको थियो । त्यो नै नेदरल्यान्ड्ससँग नेपालको पहिलो भेट थियो ।

त्यसबेला नेपाल पहिलो टी-२०आई खेलमा २० रनले पराजित भएको थियो भने दोस्रो खेलमा १५ रनले अनि तेस्रो खेलमा १० विकेटले पराजित भएको थियो ।

**टिम कम्बिनेसन र सम्भावित ११**

नेपालले पहिलो खेलमा खेलाएको टोलीकै साथमा नै दोस्रो खेल खेल्ने उच्च सम्भावना छ । यद्यपी कम्बिनेशन मिलाउन भने चुनौती देखिन्छ । पहिलो खेलमा अनुभवी अलाउन्डर सीता रानामगर नवौं नम्बरमा ब्याटिङमा आएकी थिइन् । बलिङमा २ विकेट लिएको भएपनि सीताको ब्याटिङ पोजिसनबारे भने प्रश्न खडा भएको छ । सीताले टप वा मिडल अर्डरमा खेल्दा एक खेलाडी तल्लोक्रममा आउनुपर्ने हुनसक्छ ।

लगातार दुई जित निकालेको नेदरल्यान्ड्स त्यही टोलीका साथ मैदान उत्रिने सम्भावना छ ।

नेपाल : इन्दु बर्मा, पूजा महतो, सम्झना खड्का, बिन्दु रावल, रुबिना क्षेत्री, कविता कुँवर, रिया शर्मा, सोमु विष्ट, सीता राना मगर, काजल श्रेष्ठ, कविता जोशी

नेदरल्यान्ड्स : बाबेट डे लिड, हिथर सिगर्स, स्टेर कालिस, सिल्भर सिगर्स, कारोलिन डे लाङ, आइरिस ज्विलिङ, हाना लान्धीर, सन्या खुराना, रोबिन रिके, फ्रेडरिक ओभरडाइक, इसाबेल भान डर वोनिङ

**प्रभाव पार्न सक्ने खेलाडी**

नेपालका लागि ब्याटिङमा टप अर्डरका सम्झना खड्का र बिन्दु रावलले राम्रो प्रदर्शन गरेका छन् । उनीहरूबाट भोलि पनि राम्रो सुरुवातको अपेक्षा रहनेछ ।

पहिलो खेलमा रुबिनाले केही शानदार शटहरू खेलेकी थिइन् । संयमित भएर खेल्न सके रुबिनाबाट म्याच विनिङ प्रदर्शनको अपेक्षा गर्न सकिन्छ ।

नेदरल्यान्ड्सका लागि लागि टप अर्डर ब्याटर हिथर सिगर्स र स्टेर कालिसको प्रदर्शन राम्रो हुन सक्छ । कालिसले अघिल्लो खेलमा स्कटल्यान्डविरुद्ध ८७ रनको शानदार पारी खेलेकी थिइन् ।

यस्तै बलिङमा कारोलिन डे लाङ अनि सिल्भर सिगर्सको जोडी घातक साबित हुन सक्छ ।

खेल : नेपाल विरुद्ध नेदरल्यान्ड्स
समय : विहान ९ बजे
स्थान : त्रिवि क्रिकेट मैदान
मौसम : सफा

# माओत्से गुरुङले ३३ दिनमा सकाए 'पेन्सन पट्टा'को छायांकन



काठमाडौं /अभिनेता माओत्से गुरुङको निर्देशनमा बनेको फिल्म 'पेन्सन पट्टा'को सम्पूर्ण छायांकन सकिएको छ । मंगलबार कास्कीस्थित एक रिसोर्टमा फिल्मको अन्तिम दृश्य खिचियो । पुष ३ गतेबाट सुरू भएको फिल्मको छायांकन ३३ दिनमा पूरा भएको हो । अब पोस्ट प्रोडक्सन काम सुरू गरेर केही साताामा प्रदर्शन मिति तय गर्ने तयारीमा निर्माण पक्ष छ ।

निर्देशक गुरुङले कुनै सम्झौता नगरी फिल्म बनाएको बताएका छन् । उनले भने, 'दर्शकलाई एउटा सुन्दर फिल्म देखाउन 'पेन्सन पट्टा' बनाएका हौं । फिल्मलाई उत्कृष्ट बनाउन हामीले केही चिजमा सम्झौता गरेका छैनौं । यसैले फिल्म स्क्रिप्ट अनुसार नै बनेको छ ।' उनका अनुसार फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने देखाउनेछ ।

माओत्से गुरुङ फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा दयाहाङ राई केन्द्रीय भूमिकामा छन् । 'दयारानी'पछि उनले माओत्सेको निर्देशनमा दोस्रो पटक काम गरेका हुन् । उनीसहित फिल्ममा सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ लगायतको पनि अभिनय रहेको छ ।

मीन कोन्मे गुरुङ (सिकलेस), भोज बहादुर गुरुङ (यूके) र सपना गुरुङको संयुक्त लगानी रहेको फिल्मका प्रोडक्सन म्यानेजर डिबी गुरुङ र कास्टिङ डिरेक्टर सुरज तमु हुन् । सुशन प्रजापतिको छायांकन रहेको फिल्मका गीतमा झुमा लिम्बू, मनोज थापा मगर र शिव बराइलीले संगीत दिएका छन् । आरआर फिल्म्सले फिल्म वितरणको जिम्मा लिएको छ ।

# सागपातमै विषादीको मात्रा धेरै, कसरी स्वस्थ रहने ?




काठमाडौं /चिकित्सक भन्छन्, 'स्वस्थ्य रहन सागपात खानुहोस्' प्रयोगशालाको रिपोर्ट भन्छ, 'सागपातमा विषादीको मात्रा बढी छ ।' उपभोक्ता द्विविधामा छन् । सागपात खाएर स्वास्थ्य भइन्छ कि रोगी ? यसले फाइबर, भिटामिन लगायत सुक्ष्म पोषण मिल्छ कि स्वास्थ्यलाई हानि गर्ने विकार ? पभोक्ता द्विविधामा छन् । सागपात खाएर स्वास्थ्य भइन्छ कि रोगी ? यसले फाइबर, भिटामिनलगायत सुक्ष्म पोषण मिल्छ कि स्वास्थ्यलाई हानि गर्ने विकार ?

**सागपात खाएर ढुक्क हुने अवस्था छ ?**

यसको जवाफ भने त्यती सन्तोषजनक छैन । देशकै ठूलो तरकारी थोक बजार कालीमाटीमा विक्रीका लागि ल्याइएका तरकारीहरूमा अत्यधिक विषादी भेटिने तथ्यांकले यसमा शंसय पैदा गरिदिएको छ । पछिल्ला दिनमा रायोको सागमा धेरै विषादी भेटिएको खबर आइरहेका छन् । स्वास्थ्य राम्रो बनाउनका लागि नियमित खानुपर्ने सागपातमै बारम्बार विषादी भेटिनु जनस्वास्थ्यका लागि गम्भीर चुनौती भएको जनस्वास्थ्यविद्हरु बताउँछन् ।

**तथ्यांकले के भन्छ ?**

पुष ८ गते कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले सार्वजनिक गरेको अनुगमन टोलीको रिपोर्टमा रायोको सागमा ९९.०८ प्रतिशतभन्दा बढी अर्गानोफस्फेट विषादी भेटिएको पुष्टि गऱ्यो । त्यसको हप्ता दिन नबित्दै समितिको पुष ११ गतेको अर्को रिपोर्टमा रायो सागमा ७४.७२ प्रतिशत बढी अर्गानोफोस्फेट विषादी रहेको सूचना सार्वजनिक भयो । यसअघि पनि ब्रोकाउली, तितेकरेला लगायतका तरकारीमा उच्च विषादी भेटिएको खबर पटक-पटक आइरहेको थियो ।

२०२५ मा प्रकाशित एक समीक्षाले नेपालका फलफूल र तरकारीहरूमा विषादी अवशेषको अनुगमनलाई विश्लेषण गरेको छ । यसमा हाल भइरहेको विषादी प्रयोग, अनुगमनका प्रयासहरू र नियामनमा देखिएको ढिलासुस्तीलाई गहन विश्लेषण गरिएको छ । ३५ प्रतिशतभन्दा कम अवशेषलाई सुरक्षित मानिन्छ । जबकि ३५ देखि ४५ प्रतिशत बीचको स्तरहरूलाई प्रतीक्षा अवधिपछि मात्र उपभोगयोग्य मानिन्छ । तर नेपालमा यो सीमा बारम्बार उल्लंघन भइरहेको छ ।

यी तथ्यांकले कालीमाटी बजारलाई यस्तो हब बनाएको स्पष्ट देखाउँछ, जहाँबाट दैनिक लाखौं किलो तरकारी उपत्यकाभरि पुग्छन् । र, दुर्भाग्यवश, तिनै तरकारीहरूमा रहेको विषादीको अवशेष अन्तत: उपभोक्ताको थालमा मन्द विषको रूपमा पुगिरहेको छ ।

**सीमित अनुगमन र अनियन्त्रित विषादी प्रयोग**

सीमित अनुगमन र अनियन्त्रित विषादी प्रयोगले यो समस्या बढाएको देखिन्छ । कृषि मन्त्रालयका अवकाशप्राप्त सहसचिव तथा विषादी विशेषज्ञ डा. दिल्लीराम शर्माका अनुसार विषादी आवश्यक छ, विश्वभर यसको प्रयोग हुन्छ । तर नेपालमा दुरुपयोग बढी छ । 'जापानमा प्रतिहेक्टर १२ किलो प्रयोग हुँदा स्वास्थ्य असर कम छ, किनकि उनीहरूले 'ग्रेस पिरियड' (छर्केपछि यति दिनपछि टिप्ने र कति हाल्ने भन्ने नियम) पालना गर्छन्' डा. शर्मा भन्छन्, 'हाम्रोमा आज छर्केर भोलि टिप्ने चलन छ ।' यही कारण अहिले काठमाडौंबासीले खाने सागपात अयोग्य छ भनेर दाबी गरिने अवस्था रहेको उनी बताउँछन् ।

आफूले २०७३-७४ मा कालीमाटीमा अनुगमन सुरु गरेको र त्यसको उद्देश्य किसानहरूलाई सजक गराउनु रहेको डा. शर्मा बताउँछन् । तर अहिले आफू रिटार्यड भएपछि तालिम दिने काममा निरन्तरता नदेखिएको उनको गुनासो छ । अहिले अनुगमन देखावटी मात्रै बनेको उनको गुनासो छ । 'उतिबेला हाम्रो उद्देश्य विषादीको मात्र कति हाल्ने भनेर तालिम दिनु थियो' डा.शर्मा भन्छन्, 'तर किसानलाई सिकाउने उद्देश्य हराएको छ ।

सरकारले स्थानीय निकायमार्फत तालिम दिनुपर्छ ।' उनका अनुसार किसानहरूले छिटो र सस्तोमा कीरा नियन्त्रण गर्न अत्यधिक विषादी प्रयोग गर्छन् । बजारमा राम्रो मूल्य पाउन अन्तिम समयमा पनि छर्कने प्रवृत्ति छ ।

**के विषादी नहाली तरकारी फल्दै नफल्ने हो ?**

तरकारीमा विषादी भेटिएको खबर सुन्दा उपभोक्तालाई तरकारी किन्नै डर लाग्ने अवस्था बनेको छ । जलवायु परिवर्तनका कारण विषादी प्रयोग नगरी तरकारी फलाउनै कठिन हुने शर्मा बताउँछन् । तरकारीमा नयाँ-नयाँ कीराहरूले आक्रमण गरिरहेको हुन्छ । ती कीरा मार्नलाई मनलाग्दी विषादी हाल्ने गर्दा समस्या हुने उनको भनाइ छ । किसानहरूमा ज्ञान नहुँदा सामान्य विषादीले मर्ने कीराका लागि पनि कडा विषादी प्रयोग गर्ने गरेको उनी सुनाउँछन् ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अनुसार विकासोन्मुख देशहरूमा विषादीको सुरक्षित प्रयोग र भण्डारणको ज्ञान अभावले समस्या बढाएको छ । प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको तथ्यांकअनुसार नेपालमा विषादी आयात वर्षेनी बढिरहेको छ । हालैका वर्षहरूमा नेपालले ११०० टनभन्दा बढी विषादी आयात गरेको छ, जसको ठूलो हिस्सा तरकारीमा प्रयोग हुन्छ । २०२३-२४ मा ११८३ टन आयात भएको तथ्यांक छ ।

**सरकारी ल्याबले अर्गानोफस्फेट चिन्छ, अरू विषादी चिन्दैन**

हालको सतहमा देखिएको अर्गानोफस्फेट मात्र हो । धेरै यस्ता विषादी हुनसक्छन्, जो हाम्रो आँखा बाहिर रहेको शर्मा बताउँछन् । उनका अनुसार कालीमाटीको मेसिनले अर्गानोफस्फेट र कार्बामेट मात्र जाँच गर्छ । कार्बामेट विषादी नेपालमा अहिले आउँदैन । पहिले विषादी प्रयोग गर्ने मध्ये ७० प्रतिशतले अर्गानोफस्फेट हाल्थे । तर अहिले यो दर घटेर २५-३० प्रतिशत पुगेको छ । त्यो बाहेक अहिले देखिएको नयाँ विषादी सरकारको मेसिनले नचिन्ने उनले स्पष्ट पारे ।

**९९ प्रतिशत विषादी देखियो भन्नुको अर्थ के हो ?**

शर्माका अनुसार ९९ प्रतिशत भनेको विषादीको मात्रा होइन, रेसिड्यू स्तर अर्थात् विषादीमा रहेको अवशेष हो । ३४ प्रतिशतसम्म सुरक्षित र ४५ प्रतिशतमाथि यी विषादी मेसिनले देखाउँछ भने त्यो अयोग्य मानिन्छ । ३० प्रतिशत भन्दा बढी देखिएको नयाँ विषादी हुन् । त्यसैले, अरू पनि विषादी होलान जुन शरीरका लागि हानिकारक छन् भन्ने सन्देश हो । विषादी जाँच गर्नेसूत्र छ, ३४ प्रतिशतसम्म खानयोग्य, ४५ प्रतिशत भए ७ दिनपछि खान मिल्छ, त्यो भन्दा माथि देखिए अयोग्य भनिन्छ ।

**किसानलाई तालिम हुँदैन, अनुगमन मात्रै**

किसानले तरकारीमा जथाभावी विषादी प्रयोग गर्नुको मुख्य कारण त्यसबारे राम्रो ज्ञान नहुनु नै रहेको शर्मा बताउँछन् । किसानलाई राम्रो तालिम दिनु आवश्यक नभएपछि अनुगमन मात्रै गर्ने प्रवृत्तिले समाधान नदिने उनको भनाइ छ ।

आफूले जाँदा गर्ने बेलामा जुन भेगको तरकारीमा विषादी देखिन्छ, त्यही ठाउँको कृषकलाई विषादी प्रयोगको तालिम दिने व्यवस्था गर्ने गरेको शर्माले सुनाए । 'यी सबै हराउँदै गए । त्यसैले, अहिले विषादी जाँच्ने र चुप लागेर बस्न, झारा टार्ने काम मात्रै भइरहेको छ' उनी भन्छन् ।

नेपालमा विषादी व्यवस्थापनका लागि विभिन्न कानुनहरू छन् । विषादी ऐन, २०४८ ले विषादीको आयात, निर्यात, उत्पादन, प्रयोग, खरिद र विक्रीलाई नियमन गर्छ । यसमा सूचीबद्ध भएका बाहेक विषादीहरू आयात र प्रयोग गर्न निषेध छ । सरकारले २७ खतरनाक विषादीहरू प्रतिबन्ध लगाएको छ, तर कार्यान्वयन कमजोर छ । नियमनमा तदारुकता देखिँदैन । विषादी दर्ता प्रक्रिया कमजोर छ, र किसानहरूलाई तालिमको अभाव छ । प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले कार्य गर्छ, तर पर्याप्त ल्याबहरू नभएको शर्मा बताउँछन् ।

**के भन्छन् चिकित्सक ?**

नेपालमा तरकारीमा पाइने विषादीको स्तरले जनस्वास्थ्यमा ठूलो खतरा निम्त्याउने चिकित्सकहरू बताउँछन् । विषादीयुक्त तरकारी भनेको सुस्त विष नै भएको उनीहरूको भनाइ छ । यसले स्वास्थ्यलाई क्रमिकरूपमा क्षति पुऱ्याउँछ । बालबालिकामा यो जोखिम दोब्बर हुन्छ ।

वीर अस्पतालका न्यूरोसर्जन प्रा.डा. राजीव झाका अनुसार यस्ता विषादी लामो समयसम्म खाँदा छोटो समयको प्रभावमा टाउको दुख्ने, वाकवाकी लाग्ने, पखाला, चक्कर लाग्ने, छाला र आँखा पोल्ने जस्ता लक्षण देखिन्छन् । लामो समयको सम्पर्कमा भने स्नायुदेखि अन्य भागमा असर गर्छ ।

'अर्गानोफस्फेट विषादी लामो समयमा हामी खाइरहन्छौं भने 'एसिटाइलकोलिन' इन्जाइम रोक्छन्' डा. झा भन्छन्, 'एसिटाइलकोलिन भनेको हाम्रो स्नायुमा सन्देशवाहक पदार्थलाई नियन्त्रणमा राख्ने इन्जाइम हो । यो इन्जाइम रोकिँदा स्नायु प्रणाली अत्यधिक सक्रिय हुन्छ र मस्तिष्क तथा शरीरमा समस्या देखिन्छ । यही कारणले स्नायु प्रणाली अत्यधिक उत्तेजित हुन्छ र मस्तिष्कमा असर पर्छ ।'

उनका अनुसार लामो समयको सम्पर्कले स्मरणशक्ति, ध्यान, व्यवहार र स्नायुविकासमा नकारात्मक असर पार्ने देखाएका छन् । बालबालिकामा सिकाइ समस्या र वयस्कमा न्युरोडिजेनेरेटिभ रोगको जोखिम बढ्ने प्रमाण पनि उपलब्ध छ । न्युरोडिजेनेरेटिभ रोग भन्नाले मस्तिष्क र स्नायु तन्त्रका कोष क्रमश: नष्ट हुने रोग हो ।

डा. सिंहका अनुसार अर्गानोफोस्फेटले स्नायु प्रणालीमा असर गरी टाउको दुख्ने, वाकवाकी लाग्ने, चक्कर, लाग्ने, मांसपेशी कमजोर हुने, झट्का लाग्ने, सन्तुलन बिग्रने, दृष्टि र संवेदनशीलता कम हुने, निद्रा समस्या, मानसिक तनाव, सम्झनाशक्ति र ध्यानमा कमी जस्ता समस्या ल्याउने हुनसक्छ।

लामो समयसम्म उपभोग गर्दा अल्जाइमर लगायत मस्तिक सम्बन्धी रोगको जोखिम बढाउने डा. सिंह बताउँछन् । उनका अनुसार अमेरिकाको क्यालिफोर्नियामा ४ हजार बच्चाहरूमा गरिएको एउटा अध्ययनले कीटनाशकले बच्चाहरूमा दमको जोखिम धेरै बढाएको पाइयो । 'त्यो मात्र होइन, श्वासप्रश्वासमा समस्या, मांसपेशी कमजोर हुने, दीर्घकालीन प्रभावमा हर्मोन असन्तुलन, प्रजनन समस्या र बालबालिकामा विकासमा बाधा पुग्ने गर्छ' उनी भन्छन्, 'त्यसैले, सरकारले चाडो भन्दा चाडो यो कुरामा ध्यान दिनुपर्छ।'

*(स्रोत: अनलाइनखबर)*

# 'रियल सुपरस्टार'को ट्यागबारे पल भन्छन्, 'मेरो सहमति छ'

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा कलाकारलाई कुनै न कुनै ट्याग दिने प्रचलन नै बनिसकेको छ । महानायकदेखि मेगास्टार, सुपर स्टार, एक्सन स्टार जस्ता ट्याग 'बुक' भइसकेका छन् । यस्तैमा अब अर्को ट्याग जन्मिएको छ, 'रियल सुपरस्टार' । यो ट्याग अभिनेता पल शाहले पाएका हुन् । उनको नयाँ फिल्म 'आ बाट आमा'को ट्रेलरमा उनलाई उक्त ट्याग दिइएको छ ।




बुधबार काठमाडौंमा आयोजित फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा पललाई 'रियल सुपरस्टार'को ट्यागबारे सोधिएको थियो । तर, उनले यसबारे आफूलाई ट्रेलर हेर्नुभन्दा अगाडि थाहा नभएको बताए । उनले भने, 'मैले पनि ट्रेलर हेरेपछि मात्रै थाहा पाएको हुँ । यो ट्याग दिइँदैछ भन्ने मलाई थाहा थिएन । मलाई किन यो ट्याग दिइयो भन्ने कुरा मेकरलाई बढी थाहा होला ।'

फिल्मको ट्रेलरमा आफूलाई 'रियल सुपरस्टार' लेखिएकोबारे पल अनभिज्ञ भए पनि, उनलाई मेकरले दिएको उक्त ट्यागप्रति कुनै आपत्ति छैन । यो ट्यागमा तपाईंको सहमति छ कि आपत्ति ? भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'मेकरको सहमतिमा मेरो पनि सहमति छ ।' यो बयानले उनले आफूलाई 'रियल सुपरस्टार' स्वीकार गरेको देखाउँछ ।

कोभिडको समयमा एक संस्थाले पललाई 'रियल हिरो'को उपाधि दिँदै सम्मान गरेको थियो । अब उनले 'रियल सुपरस्टार'को नयाँ ट्याग पाएका छन् । तर, यो ट्यागले एउटा प्रश्न खडा गरेको छ- 'के यसअघि कलाकारहरूले पाएको 'सुपरस्टार'को ट्याग फेक थियो ?' नभए 'रियल' शब्द थपेर 'सुपरस्टार'को ट्याग दिनुको अर्थ के हो ? यसबारे मेकरले स्पष्ट पार्न आवश्यक देखिन्छ ।

# पल शाह स्टारर 'आ बाट आमा'को ट्रेलरमा के छ ?

काठमाडौं/चन्द्र पन्तको दोस्रो निर्देशकीय फिल्म 'आ बाट आमा'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै निर्माण पक्षले झन्डै चार मिनेट लामो मर्मस्पर्शी ट्रेलर दर्शकमाझ ल्याएको हो । आमा र छोराको सम्बन्धलाई केन्द्रमा राखिएको ट्रेलरले हिन्दू धार्मिक ग्रन्थहरूका पात्र र घटनाक्रमबाट फिल्मको कथा प्रभावित रहेको संकेत दिन्छ ।



ट्रेलर अनुसार पल शाह कृष्ण पात्रको भूमिकामा छन् । बासुदेव र देवकीको भूमिका प्रदीप रावत र विपिना थापाले निभाएका छन् । उषा उप्रेती राधा बनेकी छन् भने साइग्रेस पोखरेल राम पात्रको भूमिकामा देखिएका छन् । सन्तान मोह, वैदेशिक रोजगारी, पारिवारिक वियोग र त्रिकोणात्मक प्रेमकथाजस्ता विषयलाई समेटिएको ट्रेलरले दर्शकलाई भावनात्मक अनुभव गराउँछ ।

निर्देशक पन्त स्वयंको कथा तथा पटकथा लेखन रहेको फिल्ममा सिम्रन पन्त, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, रचना गौतम, बेगम नेपाली (भटभटे माइला) लगायतको पनि अभिनय देख्न सकिनेछ । आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

शहीद दिवसको विदा पारेर माघ १६ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा साहित्यकार अमर न्यौपाने, अभिमन्यु निरवी र निर्देशक पन्तको संवाद लेखन, नवराज उप्रेतीको डिओपी, साहिल खान र मिलन श्रेष्ठको सम्पादन, कोशिश क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत तथा गम्भीर विष्ट र दीलिप उखेडाको कोरियोग्राफी रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आचारसंहिता उल्लंघनलाई आयोग आफैँ अनुसन्धान र कारबाही गर्छः आयोग

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ निर्वाचन आयोगले निर्वाचन आचार संहिता उल्लंघन गर्नेलाई उजुरीका आधारमा र आफैँले अनुसन्धान गरेर पनि कारबाही गर्ने चेतावनी दिएको छ ।



आयोगले आफ्ना संयन्त्रबाट प्राप्त प्रतिवेदन तथा उजुरीका आधारमा आवश्यक अध्ययन गरी कानूनअनुसार कार बाही प्रक्रिया अगाडि बढाउने आयोगका सूचनाअधिकारी सुमन घिमिरेले बताएका छन् । घिमिरेले आयोगमा आएको उजुरीको आधारमा मात्रै नभएर आयोगले स्वअध्ययनबाट पनि आचारसंहिता विपरितका कार्य गर्नेलाई कारबाही गर्ने जानकारी दिए । निर्वाचन आचारसंहिता निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्ने उद्देश्यले सरोकारवाला सबैको सहमतिमा जारी गरिएको उनको भनाई छ ।

घिमिरेका अनुसार आचारसंहिताको पालना गराउने र उल्लंघन भएमा कारबाही गर्ने उद्देश्यले निर्वाचन क्षेत्र, जिल्ला र केन्द्रस्तरसम्म आयोगका अनुगमन संयन्त्र सक्रिय बनाइएको छ । निर्वाचन आचारसंहिता राजनीतिक दल, उम्मेद्वार र मतदाता सबैले पालना गर्नुपर्ने उनले बताए । उनले उम्मेद्वारी मनोनयनका क्रममा मंगलवार केही आचारसंहिताका विपरितका कार्य भएको उल्लेख गर्नुहुदै ती कार्य आयोगको नोटिसमा रहेको बताए । उनले आचारसंहिता कार्यन्वयनका लागि आयोगले संयन्त्र बनाइसकेको जानकारी दिए ।

'आचारसंहिता कार्यन्वयन नभएको अवस्थामा आचारसंहिता विपरितका गतिविधि भएको अवस्थामा त्यसलाई कसरी नियमित गर्ने भन्ने सम्वन्धमा आयोगले पहिले नै तयारी गरिसकेको छ । निर्वाचन क्षेत्रस्तर, जिल्लास्तर, केन्द्रस्तरसम्म निर्वाचन आयोगका संयन्त्र स्थापित भइसकेको अवस्था छ । उहाँहरुले दिएको रिर्पोटको आधारमा आयोगले अध्ययन गरेर त्यसलाई कुन किसिमको, कुन लेभलको कारबाही अगाडि बढाउनुपर्छ, त्यो गर्ने आयोगको तयारी छ, आयोगले त्यसरी नै गर्छ । जहाँसम्म हिजो (मंगलवार मनोनयनको बेला) को कुराहरु छन्, आयोगले आफ्ना संयन्त्रमार्फत यी विषयको जानकारी लिएको छ, उसलाई पनि थाहा छ ।'

सूचनाअधिकारी घिमिरेले भने, 'आयोगले पनि यो कुरा अध्ययन गरिरहेको छ । केही उजुरी प्राप्त भए, त्यसकिसिमका भनेदेखि ती उजुरीका सम्बन्धमा पनि आयोगले थप कारबाही अगाडि बढाउँछ । त्यसले गर्दा यो दुईवटै तरिकाले निर्वाचन आचारसंहितालाई कार्यन्वयन हुन्छ । आफ्ना संयन्त्रमार्फत आएका रिर्पोटका आधारमा पनि एक्सनमा आयोग जान्छ, उजुरी आईसकेपछाडि त्यो उजुरीलाई पनि तत्काल कारबाही गर्नेगरी आयोग एक्सनमा जान्छ, यी दुबै तरिकाले निर्वाचन आचारसंहितालाई प्रभावकारी कार्यान्वयन गर्न अगाडि बढिन्छ ।'

**उत्साहपूर्वक ३ हजार ४८६ उम्मेदवारको मनोनयन दर्ता**

प्रत्यक्षतर्फ हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि देशभर ३ हजार ४ सय ८६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये ३ हजार ८९ जना पुरुष, ३ सय ९६ जना महिला तथा १ जना अन्य समूहबाट उम्मेदवार रहेको आयोगका सूचनाअधिकारी घिमिरेले जानकारी दिए । मंगलवार तोकिएको समयभित्र मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमार्फत उम्मेदवारी दर्ता प्रक्रिया सम्पन्न भएको हो ।

राजनीतिक दल र उम्मेदवारले देखाएको संयमता र शान्तिपूर्ण वातावरणका कारण मनोनयन दर्ता कार्यक्रम सहजरुपमा सम्पन्न भएको घिमिरेले बताए । उनका अनुसार निर्वाचन घोषणा भएदेखि नै आयोगले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्दै आएको छ । मनोनयन दर्ताको दिन देखिएको वातावरणले फागुन २१ गते तोकिएकै मितिमा निर्वाचन हुनेमा आयोग विश्वस्त रहेको घिमिरेले बताए ।

उनले भने, 'प्रतिनिधिसभा निर्वाचनका लागि ३ हजार ४ सय ८६ जना उम्मेद्वारले नाम दर्ता गर्नुभएको छ । त्यसमा ३ हजार ८९ जना पुरुष उम्मेद्वार हुनुहुन्छ भने ३ सय ९६ जना महिला उम्मेद्वार हुनुहुन्छ । १ जना चाहिँ अन्य समूहको उम्मेद्वारले आफ्नो नाम दर्ता गराउनुभएको छ । यो दर्ता प्रक्रियामा निर्वाचन आयोगले विगतदेखि नै अलिकति तयारीको व्यवस्थापन गरेको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यलयमा उम्मेद्वारले नाम गर्न पाउने व्यवस्था गरेको थियो । हिजोको वातावरण, उत्साह राजनितिक दलका उम्मेद्वारले देखाउनुभएको संयमता र शान्ति सुव्यवस्था हेर्दाखेरी साह्रै राम्रो वातवरणमा, शान्तिपूर्ण उम्मेद्वारको मनोनयन दर्ता कार्यक्रम सम्पन्न भएको छ ।'

सूचना अधिकारी घिमिरेले अगाडि भने-'हामीले निर्वाचन घोषणा भएदेखि नै निर्वाचन आयोगले भन्दै आएको कुरा हो, हामी स्वच्छ, स्वतन्त्र, निष्पक्षरुपमा निर्वाचन सम्पन्न गर्छौं । तोकिएकै समयमा निर्वाचन सम्पन्न हुन्छ भनेर निर्वाचन आयोगले भनेको कुरालाई हिजो आम मतदातालगायत उम्मेद्वारले देखाउनुभएको संयमता र शान्तिपूर्ण स्थिति, त्यो कारणले अब निर्वाचन फागुन २१ गते यही तरिकाले सम्पन्न हुन्छ भन्नेमा आयोग विश्वस्त छ ।'

आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिकाअनुसार बुधवार उम्मेदवारको विरोधमा उजुरी दिने कार्यक्रम रहेको थियो । प्राप्त उजुरीको निर्वाचन अधिकृतको कार्यालयमा छानबीन गरी संविधान, कानून तथा निर्वाचनसम्बन्धी व्यवस्था अनुसार उम्मेदवारको योग्यता परीक्षण गरिने सूचनाअधिकारी घिमिरेले बताए । आगामी फागुन २१ गते हुने निर्वाचनको लागि देशभर मंगलवार उम्मेद्वारले मनोनयन दर्ता गराएका थिए । १६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष र ११० सिट समानुपातिकतर्फ निर्वाचन हुँदैछ ।

# इजाजत प्राप्त हातहतियार १५ दिनभित्र बुझाउन प्रशासनको आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले हातहतियार बुझाउन आग्रह गरेको छ ।

व्यक्तिगत सुरक्षाका लागि स्थानीय प्रशासनसँग अनुमति लिएर राखिएका हतियार बुझाउन कार्यालयले सबैलाई आग्रह गरेको हो । कार्यालयले बुधबार सूचना जारी गर्दै व्यक्तिगत सुरक्षाका लागि राखिएका हातहतियार १५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन आग्रह गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र विश्वसनीय वातावरणमा सम्पन्न गराउन सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै इजाजत प्राप्त हतियार बुझाउन भनिएको हो ।

अहिले बुझाइएका हतियार निर्वाचनकार्य सम्पन्न भएको १ महिनाभित्र अर्थात् आगामी चैत २० गते पश्चात् लगत कट्टा गरी सबैलाई फिर्ता गरिने उनले बताए । तोकिएको समयमा हतियार नबुझाए, अटेर गरेमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने समेत सहायक प्रजिअ जोशीले बताए ।

# १८ जनामा मोतिबिन्दु देखियो



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरको मनहरी गाउँपालिकास्थित हाँडीखोलामा बुधबार निःशुल्क आँखा शिविर भएको छ ।

२१० जनाको आँखाजाँच गर्दा १८ जनामा मोतिबिन्दु फेला परेको छ । रोटरी क्लव अफ काठमाडौं मिडटाउन र हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा भएको कार्यक्रममा स्थानीय आयोजकको रुपमा मनहरी गाउँपालिका ३ नम्बर वडा कार्यालय र चैनपुर जेसीज मनहरी रहेको थियो । मनहरी गाउँपालिकाको सभाहलमा भएको कार्यक्रममा स्थानीयको सक्रिय सहभागिता रहेको थियो । मोतिबिन्दुका बिरामीलाई यही शुक्रबार हेटौंडास्थित सामुदायिक आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिने आयोजकले जानकारी दिएको छ ।

शिविरमा मोतिबिन्दुसँगै चस्मा लगाउनुपर्ने, दृष्टिदोष लगायत समस्या बेसी देखापरेको चिकित्सकहरुले जानकारी दिएका छन् । शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालका ४ जना चिकित्सकको टोलीले आँखाजाँच गरेका थिए । स्थानीय आयोजक मनहरी-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले रोटरी र जेसीजसँगको समन्वयमा आफ्नो वडामा आँखा शिविर सन्चालन गर्न पाएकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, निवर्तमान अध्यक्ष रविन ढकाल, २०२५ का अध्यक्ष कृष्णप्रसाद ढकाल, २०२६ का अध्यक्ष सुरेश गौतम लगायतको उपस्थिति थियो ।

# झापा-५ : मतदाता माझ पुग्दैछ ओली र बालेनको चुनावी राप

विराटनगर/प्रतिनिधि सभाको चुनावमा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी दुवैले खडा गरेका झापा-५ का उम्मेदवार भावी प्रधानमन्त्रीका आकांक्षी हुन् । चार पटक प्रधानमन्त्री भइसकेका एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह चुनावी मैदानमा छन् । भावी प्रधानमन्त्री बन्ने योजनाअनुसार आएका दुवैको नेताहरूका कारण झापाको चुनावी सरगर्मी बढेको छ । त्यसको ताप चाहिँ राष्ट्रियव्यापी छ ।

मंगलबार उम्मेदवारी दर्ता गराएका उनीहरूले कसरी चुनावी अभियान अघि बढाउछन् भन्ने चासो थियो । बुधबार ओली र बालेन दुवैले चुनाव प्रचारका कार्यक्रमहरूमा सहभागी भए । बालेनले घरदैलो गरे । कार्यालयमा आएका शुभेच्छुकहरुसँग भेटघाट गरे ।

यता ओलीले चाहिँ केही कार्यक्रमहरूमा सहभागी भएर आफ्ना भाषण पनि गरे । मंगलबार उम्मेदवारी दर्ता गरेका ओलीले बुधबार दमकमा युवा भेला गरे । कार्यकर्ता भेटघाट पनि गरे ।

चुनाव प्रचारका लागि रास्वपाले दमकमा भाडामा लिएको घरमा बसेर बालेनले भेटघाट गरि रहेका छन् । झापाका लागि नयाँ अनुहार बालेनलाई भेट्न बालबालिकादेखि वृद्धहरूसम्म भिड छ । कांग्रेस र एमालेका युवा नेताहरूलाई बालेनको समूहले फकाइरहेको छ । बुधबार दिनभर भेटघाट गरेका बालेन बिहीबार पाथिभरा मन्दिर दर्शन गर्न जाने तयारीमा छन् ।

बालेन झापा पुगेपछि कांग्रेसका दमक नगर सभापति प्रकाश प्रसाईं पार्टी छाडेर बालेनको अभियानमा जोडिए । कमल गाउँपालिकाका नेपाली कांग्रेसका सचिव महेन्द्र बुढाथोकी रास्वपा प्रवेश गरेका छन् । ओलीको गृहनगर दमकमा एमालेका राष्ट्रिय युवा सै दमक नगर कमिटीका अध्यक्ष,उपाध्यक्ष र सचिवले पार्टी छाडे ।

नगर कमिटीका अध्यक्ष छवि खतिवडा र सचिव कमलप्रसाद गैरे र उपाध्यक्ष विजय तामाङ बालेनको अभियानमा जोडिएका छन् । यसअघि एमाले नगर अधिवेशनमा अध्यक्षका आकांक्षीसहितका नेता रास्वपा प्रवेश गरेका थिए ।

ओली सातौं पटक चुनावी मैदानमा उत्रिएका हुन् । २०४८ सालयता सहजै चुनाव जित्दै (२०६४बाहेक) आएका ओलीलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवारको रुपमा अघि सारेका शाहले टक्कर दिन आएका छन् । ओलीले बुधबार उनलाई लक्षित गर्दै भने,'बैंकले नोट छाप्दा खेरि धितो जमानी बिना छाप्दैन। के यहाँ भोट हाल्दा खेरि धितो न जमानीको मान्छेलाई भोट हाल्ने भन्छन् कोहि कोहि ? भोलि खोज्न कहाँ जानु ?' ओलीले बालेन स्थानीय उम्मेदवार नभएको भन्दै उनीप्रति आलोचनात्मक टिप्पणी गरे । उनले चुनाव ७० प्रतिशत मत ल्याएर जित्ने दाबी समेत गरे ।

झापा क्षेत्र नम्बर ५ मा ९ जना स्वतन्त्रसहित २४ जनाले उम्मेदवारी दर्ता गरेका छन् । उम्मेदवार संख्या २४ भएपति मुख्य प्रतिस्पर्धा ओली र बालेनबीच नै हुने आंकलन छ । प्रधानमन्त्रीको उम्मेदवार भएकै कारणले ओली र शाह दुवैका लागि यो निर्वाचन प्रतिष्ठाको विषय समेत बनेको छ । झापा दमका पूर्वप्राध्यापक मोहन भण्डारी अघिल्ला निर्वाचन सहजै जित्दै आएका ओलीलाई यो पटक चुनावी चुनौती छ ।

झापा क्षेत्र नम्बर ५ बालेनका लागि पनि चुनौती रहित क्षेत्र होइन । यो भूगोलदेखि चुनावी प्रतिस्पर्धा नै बालेनका लागि नयाँ हो । उनी २०४८ सालदेखि निरन्तर निर्वाचन लड्दै आएका ओलीलाई उनकै घर (झापा)मा पराजित गर्ने भन्दै झापा झरेका हुन् । कमल गाउँपालिकामा रहेका राप्रपाका सक्रिय कार्यकर्ता माधव मिश्र बालेन शाह झापा आउँदा प्रतिस्पर्धा राम्रो हुने बताउँछन् ।

झापा क्षेत्र नम्बर ५ मा यसअघि दुई निर्वाचनमा राप्रपाले ओलीलाई समर्थन गरेको थियो । तर, यो पटक राप्रपाले आफ्नै उम्मेदवार उठाएको छ । राप्रपा कार्यकर्ता मिश्रका अनुसार विगतमा ओलीको फराकिलो जितमा निर्णयक मत राप्रपा पनि थियो ।

# १२१ किलो चरेस सहित २ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरको थाहा नगरपालिका-१० टौखेलक्षेत्रबाट लागुऔषध चरेस सहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ ।

टौखेलबाट मार्खुतर्फ जाँदै गरेको अटोबाट १ सय २१ किलो चरेस फेला परेपछि उनीहरु पक्राउ परेका हुन् । लागुऔषध कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पालुङ र चित्लाङबाट खटिएको संयुक्त प्रहरीटोलीले टौखेलबाट मार्खुतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ह १५०७ नम्बरको अटो चेकजाँच गर्ने क्रममा अटोभित्र लुकाइछिपाइ ल्याइएको चरेस बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले १२ वटा रबरका डिब्बाभित्र राखिएको एक क्वीन्टल २१ किलो ४ सय ६६ ग्राम चरेस बरामद गरेको थियो । लागूऔषध चरेससहित अटोचालक थाहा नगर पालिका-४ रुप्सेका २९ वर्षीय घनश्याम बल तामाङ र मकवानपुरको कैलाश गाउँपालिका-५ का २१ वर्षीय सानुकान्छा थिङलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनालाई मकवानपुर जिल्ला अदालतबाट ६ दिनको म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एसइई चैत १९ गतेदेखि २९ सम्म

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षाको तालिका सार्वजनिक गरेको हो । जसअनुसार चैत १९ गते पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ । त्यस्तै चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषयको परीक्षा सञ्चालन हुनेछ ।

बोर्डका परीक्षानियन्त्रक (कक्षा १०) टुकराज अधिकारीका अनुसार चैत २७, २८ र २९ गते भने प्राविधिक धारका बाँकी विषयका परीक्षा सञ्चालन हुनेछ । यसपटक फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिएका कारण एसइई गतवर्षको भन्दा १२ दिन ढिलो हुन लागेको हो । गतवर्षको एसइई चैत ७ गतेदेखि सञ्चालन भएको थियो ।


## प्रस्तवित थाहा बिशिष्टीकृत शित भण्डार सहकारी संघको सूचना

प्रकाशित मिति २०८२।१०।०८

थाहा नगरपालिका कार्यक्षेत्र रहेका प्रारम्भिक सहकारीहरुको सहभागितामा प्रस्तावित विशिष्टीकृत शित भण्डार निर्माणको तथा सञ्चालनका लागि थाहा नगरपालिकासँग मिति २०७५।०२।२१ गतेको थाहा नगरपालिकासँगको सम्झौतामा अनुसार निर्माण चरण सम्पन्न हुने चरणमा रहेकोले थाहा नगर पालिकालाई बुझाउनु पर्ने प्रतिवद्धता गरेको बाँकी रकम बुझाउनको लागि टेलिफोन पत्रचार गर्दा समेत केही सहकारी संस्थाबाट प्राप्त नभएकोले र संघमा आवद्ध सहकारीहरुमध्येबाट उक्त रकम शेयर पूँजी संरचनामा एकल सहकारीको शेयर स्वामीत्व २० प्रतिशतभन्दा माथि रहने भएकोले, संघ दर्ता गर्न अप्ठेरो भएको जानकारी गराउँदा, सहभागी शेयर सदस्य संस्थाहरुले प्रतिवद्धता गरेको भन्दा बढी शेयर लगानी गनुपर्ने अवस्था रहेकोले प्रस्तावित संघमा आवद्ध रहेका संस्थाहरुले यस अगाडि गरेको प्रतिवद्धता अनुसारको बुझाउनुपर्ने बक्यौता रकम ७ दिनभित्र बुझाउनु हुन अनुरोध गरिन्छ ।

कृष्ण बहादुर बिष्ट
अध्यक्ष
प्रस्तावित थाहा बिशिष्टकृत सहकारी संघ



बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) खण्ड (द) अनुसार

कानून बमोजिम बाहेक बालबालिकालाई बालगृहमा राख्ने कार्यलाई बालबालिका विरूद्धको कसूर मानेको छ ।



यस्तो गर्ने जो कोहीलाई पचास हजार रुपैयासम्म जरिवाना र एक वर्षसम्म कैद हुन्छ ।

कुनै पनि बालबालिकालाई कानून विपरित बालगृहमा नपठाऔं, नराखौं ।

हेटौंडा उपमहानगरपालिका
१६ नं. वडा कार्यालय
हटिया, चिसापानी, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना